Om Hospital & Research Centre (P.) Ltd.
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर ( प्रा.) लि.
We Care For You
An ISO 9001:2015 Certified Hospital

# हेल्थ प्लस

www.omhospitalnepal.com

अंक २, पौष - २०७६

ॐ अस्पतालको मासिक स्वास्थ्य सचेतना अभियान

## कुराकानी



**डा. प्रमेश सुन्दर श्रेष्ठ**
बरिष्ठ इन्टेन्सिभिष्ट
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर

डा. प्रमेश सुन्दर श्रेष्ठ नेपालबाट क्रिटिकल केयरमेडिसिनमा डीएम गर्ने पहिलो विशेषज्ञ हुनुहुन्छ । त्रि.वि. शिक्षण अस्पताल महराजगञ्जका असिस्टेन्ट प्रोफेसर समेत रहनुभएका डा. प्रमेश सुन्दर श्रेष्ठ काठमाडौंको चावहिलस्थित ओम हस्पिटल एण्ड रिसर्च सेन्टरमा क्रिटिकल केयर युनिटको प्रमुख हुनुहुन्छ ।

क्रिटिकल मेडिसिनबारे डा. श्रेष्ठको कुराकानीको सम्पादित अंश यहा यहाँ समेटेका छौ ...

### क्रिटिकल केयर मेडिसिन के हो ?

शरीरका विभिन्न अंगहरुमासमेत संक्रमण भई रक्तचाप एवं फोक्सोमा समस्या भएका सिकिस्त बिरामीहरुलाई छिटो उपचार सेवा प्रदान गर्ने विधालाई क्रिटिकल केयर मेडिसिन भनिन्छ । क्रिटिकल केयर मेडिसिनमा सिकिस्त बिरामीको अंग सपोर्ट गर्न विभिन्न प्रविधिहरु प्रयोग गर्नुपर्छ । जस्तो: फोक्सोको समस्या भएमा भेन्टिलेटर, मिर्गौलामा समस्या भएमा डायलाइसिस, ब्लड प्रेशर कम भएमा मुटुलाई सपोर्ट गर्ने विभिन्न औषधिको प्रयोग आदि । यसरी क्रिटिकल केयरअन्तर्गत विभिन्न प्रविधिको प्रयोग गर्दै लाभदायक औषधिको माध्यमबाट सिकिस्त बिरामीको संक्रमण नियन्त्रण गर्ने र खराब भएका अन्य अंगसमेतलाई सपोर्ट दिएर छिटो भन्दा छिटो बिरामीको ज्यान बचाउने कोसिस गरिन्छ ।

### क्रिटिकल केयरमा पुग्ने अवस्था

दुर्घटनाबाट शरीरका विभिन्न महत्वपूर्ण अंगहरुमा चोट (पोलिट्रमा) र विभिन्न रोगको अत्यधिक संक्रमणले मानिसलाई क्रिटिकल केयर युनिटमा पुर्याउन सक्छ । नेपाललगायत दक्षिण पूर्वी एसियाका देशहरुमा संक्रमण नै प्रमुख समस्या हो । जस्तो: फोक्सोको संक्रमण, आन्द्राको संक्रमण आदि । नेपालका कतिपय ठाउँहरुमा सिटामोल खाएर ज्वरो कम गर्दै बसेका बिरामीहरुमा संक्रमणले च्यापेको धेरै उदाहरणहरु पाइन्छ । यस्ता बिरामीहरु पिसाब कम हुदैगएपछि र विभिन्न अंगमा असर गर्न थालेपछि मात्र अस्पताल आउने गर्छन् । संक्रमण शरीरभर फैलिसकेको र धेरै अंगमा असर गरिसकेको अवस्थामा रगतको प्रेसर कम भई चेतना समेत गुमिसकेको हुन्छ । यस्तो अवस्थाका बिरामीलाई तुरुन्त आई.सी.यू.मा भर्ना गरेर कडा एन्टिबायोटिक दिनुपर्छ । कतिपय बिरामीलाई भेन्टिलेटरमा राखेर उपचार शुरु गर्नुपर्छ ।

ठूला दुर्घटनामा परी करङका हड्डीहरु भाँचिएको, टाउकोभित्र रगत जमेर चेतना कम भएको वा बेहोस् भएको, कलेजो, फियोलगायतका महत्वपूर्ण अंगमा चोट लागेर पेटमा रगत जमेर शल्यक्रिया गर्नुपर्ने, फोक्सोमा रगत जमेको अवस्थाका बिरामीलाई क्रिटिकल केयरमा राखेर उपचार गर्नुपर्छ ।



### क्रिटिकल केयरमा गोल्डेन आवरको कस्तो भूमिका हुन्छ ?

आकस्मिक दुर्घटनामा परेका बिरामीका लागि समय भनेकै जिवन हो भन्ने ख्याल गर्नुपर्छ । क्रिटिकल अवस्थाका बिरामीलाई अस्पताल पुर्याएर एक घण्टाभित्र उपचार शुरु गरिसकेको अवस्थामा मृत्युदर कम हुने र बिरामी बाँच्ने अवसर धेरै हुन्छ । गोल्डेन आवर मुटु, मस्तिष्क लगायतका सबै महत्वपूर्ण अंगमा लागू हुन्छ । रोगलाई छिटो पत्ता लगाएर समयमै उपचार गर्नुपर्छ जसले गर्दा रोग फैलिन पाउँदैन । बिरामीलाई फङ्गसनल आउटकम दिन क्रिटिकल केयरमा गोल्डेन आवरको एकदमै महत्वपूर्ण भुमिका हुन्छ ।

### आई.सि.यू. के हो ?

सिकिस्त बिरामीको अवस्था हेरेर क्रिटिकल केयरको डाक्टर र आवश्यकताका आधारमा अरु सम्बन्धित डाक्टरको सहकार्यमा दिने सेवालाई इन्टेन्सिभ केयर युनिट (आई.सी.यू.) भनिन्छ ।

### नेपालको सन्दर्भमा आई.सी.यू.मा कसरी बिरामीको हेरचाह गरिन्छ ?

नेपालको आई.सी.यू. स्पेशियालिटीमा बिस्तारै उन्मुख भइरहेको छ । तापनि कतिपय अवस्थामा मेडिकल र सर्जिकल दुबै खालका सिकिस्त बिरामीलाई एउटै आई.सी.यू.मा राखेर हेरचाह गर्नुपर्ने वाध्यता छ । नेपालमा आई.सी.यू.को वर्गिकरण गरिएको छैन । विकसित मुलुकहरुमा आई.सी.यू. लाई लेवल थ्री, लेवल टू र लेवल वनमा वर्गिकरण गरेर उपचार सेवा गरिन्छ । जस्तो: टाउको र नसासम्बन्धि सिकिस्त बिरामी न्युरो आई.सी.यू., पेटको र कलेजोको बिरामी ग्यास्ट्रो आई.सी.यू., शल्यक्रिया मात्र गरिएको बिरामी सर्जिकल आई.सी.यू., मेडिकलसम्बन्धि भएमा मेडिकल आई.सी.यू.मा राखेर उपचार गर्नुपर्छ । त्रि.वि.शिक्षण अस्पतालमा मेडिकल, सर्जिकल, जनरल, सी.सी.यू, बालबालिकालाई राख्ने पेडियाट्रिक आई.सी.यू. रहेका

बाँकी अर्को पेज २ मा ...

छन् ।

**आई.सी.यू.मा पुगेका बिरामी बाँच्ने सम्भावना कति हुन्छ ?**

बिरामीलाई आई.सी.यू.मा राखेपछि उपचार गर्न गाह्रो हुन्छ कि भन्ने धेरै बिरामीका आफन्तको सोच हुन्छ । तर वास्तवमा यो गलत हो ।
बिरामीको रोगको जटिलताको आधारमा बिरामीलाई भेन्टिलेटरमा राख्नुपर्छ । जस्तो:नसा सम्बन्धी रोगका बिरामीलाई १० देखि १२ महिना सम्म पनि आई.सी.यू. मा राखेर सामान्य जीवनमा फर्काउन सफल भएका छौं । भेन्टिलेटरमा राख्ने बिरामीको अवस्था सिकिस्तै हुन्छ । बिरामीलाई कृत्रिम स्वासप्रश्वास मेसिनमा नराखी समाधान हुन नसक्ने अवस्था भएपछि भेन्टिलेटरमा राखिन्छ । यस्ता बिरामीको मृत्यदर बढि हुन्छ ।

**क्रिटिकल केयर पढेका डाक्टर र अन्य डाक्टरले गरेको उपचारमा फरक हुन्छ ?**

देशको अवस्था हेरेर बिरामीलाई सेवा दिनुपर्छ । सेवा नै नदिनुभन्दा सेवा दिनु राम्रो हो । सकेसम्म सुधार गर्दै जानुपर्छ । केहि अस्पतालहरुमा क्रिटिकल केयरसम्बन्धि विशेषज्ञ डाक्टरहरु पनि उपलब्ध छन् ।

**ओम हस्पिटलको क्रिटिकल केयर कस्तो छ ?**

ओम अस्पतालको आइ सी यु मा २३ वटा अत्याधुनिक सुविधासम्म वेडहरु रहेका छन् । हस्पिटलको क्रिटिकल केयर युनिटमा डा. प्रमेश सुन्दर श्रेष्ठको नेतृत्वमा २४ सै घण्टा क्रिटिकल केयरको तालिम प्राप्त एमडी तहका डाक्टर र मेडिकल अफिसरको व्यवस्था मिलाइएको छ । त्यसबाहेक भेन्टिलेटरमा राखिएको एक जना बिरामीका लागि एक नर्स र भेन्टिलेटरमा नभएका २ जना बिरामीका लागि एक जना नर्सको व्यवस्था छ । अस्पतालका हरेक वेडमा अत्याधुनिक भेन्टिलेरको सुविधा उपलब्ध छ । यसका साथै क्रिटिकल केयरमा रहेका बिरामीका लागि साधारण र सिकिस्त बिरामीका लागि स्लिड डायलाईसिसको सुविधा छ जुन नेपालका केही ठाउँमा मात्र उपलब्ध हुन्छ । यहाँ अत्याधुनिक ब्लड ग्याँस मेसिन छ । सबै ल्याबहरु कम्प्युटराइज्ड छन् । यो मोनिटरमा सबै देखाउँछ । आइसियुमा भएका बिरामीको पोषण बारे व्यवस्था मिलाउन डाइटिसियनको समेत व्यवस्था रहेको छ । आइसियुका बिरामीको लागि फिजियोथेरापी सेवा समेत उपलब्ध छ । आइसीयुमा भर्ना भएका बिरामीको उपचारको अवस्थाबारे परिबारजन र आफन्त हरुकालागि दिनको दुइपटक काउन्सिलिङको व्यवस्था समेत रहेको छ ।

ॐ अस्पताल हामी पोखरेलीहरुको पहिलो रोजाइको अस्पताल हो ।

**धन्यवाद ॐ अस्पताल परिवारलाई !!!**

## Patient's Testimonial



दशरथ बराल, पोखरा

एक्कासी बेहोस भएर ढलेपछि अस्पताल लगेर जाँच गर्दा मृगौलामा (मासु पलाएको) ट्युमर देखिएपछि पोखराको एक अस्पतालबाट काठमाडौंको चावहिलमा रहेको यस ॐ अस्पतालमा आउनुभएका दशरथ बराल उमेर र मुटुको समेत समस्या भएका कारण शल्यकृया बाट उपचार गर्नु असम्भव जस्तै थियो । ॐ अस्पतालमा सफल उपचारपछि उहाँले हामीलाई सुनाउनुभएको उपचार कथा जस्ताको तस्तै प्रस्तुत गरेका छौं ।


उपचारका लागि पोखराबाट काठमाडौं आएपछि धेरै अस्पताल र चिकित्सककहाँ धायौं तर कसैले चित्त बुझ्दो जवाफ दिएनन । ज्वाई साबसँग कुराकानी गर्दा ॐ अस्तालमा युरोलोजी बिभागका प्रा.डा.भोलाराज जोशीकहाँ आएर जचाउन सल्लाह दिनुभयो । डा. जोशीकहाँ आएपछि मात्र ट्युरको उपचारको सहि योजना तयार भयो । उमेर र पहिले देखि रहेका मुटुको समस्याहरुका कारण इन्टरभेन्सनल रेडियोलोजी अन्तर्गतको नयाँ प्रबिधि माइक्रोवेभ एब्लेशन बिधिबाट उपचार गर्ने सल्लाह पायौं र त्यसै अनुसार पारिवारिक सल्लाह गरेर उपचार गराउन हामी राजि भयौं ।

डा. जोशीको सल्लाह अनुसार भारतबाट इन्टरभेन्सनल रेडियोलोजीमा बिशेषज्ञता हाँसिल गरी आउनुभएका ॐ अस्पतालका इन्टरभेन्सनल रेडियोलोजिष्ट डा. अजित थापासँग परामर्श गरिसकेपछि उहाँले उपचारको तरिका र बिधिबारे धेरै कुरा स्पष्टसँग बुझाइदिनु भयो ।

अस्पतालको सेवा सुबिधा यहाँका डाक्टर र नर्सहरु अनि यहाँ सेवा गर्ने स्टाफ र कर्मचारीहरुको बोली बचन र ब्यवहार अत्यन्त मिजासिलो लाग्यो । अस्पतालको सर सफाइ पनि उत्कृष्ट छ ।

संसारका ठूला अस्पतालहरुमा पाइने सेवा आफ्नै देशको अस्पतालमा सुलभ मूल्यमा पाउनु हाम्रोलागि पनि भाग्यकै कुरो हो । देश बिदेशका ठूला अस्पतालमा पढेर सिकेर आउनुभएका डाक्टरसाबहरुले सजिलैसँग हामीलाई उपचार आफ्नै देशको अस्पतालमा गर्दिनु हाम्रो अहोभाग्य हो । हामी पोखरेली स्थापना कालदेखीनै यस अस्पतालको अत्यन्त नजिक छौं । यसरी बिश्वस्तरिय प्रबिधि र बिशेषज्ञता सेवाले हामीलाई अझ आकर्षित गरेको छ ।

ॐ अस्पतालले आम नेपाली जनतालाई यसरीनै नयाँ नयाँ प्रबिधि र बिशेषज्ञता सहित सेवा दिदै आओस मेरो तर्फबाट धेरै धेरै शुभकामना छ ।



**प्रा. डा. भोला राज जोशी**
(बरिष्ठ युरोलोजिष्ट, ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर)

मृगौलामा ट्युसमर भएका बिरामी दशरथ बराल ज्यूको कुरा गर्दा पोखराको अस्पतालमा उहाँको सिटिए एमआरआई लगायतका इन्भेष्टिगेशनहरु


Call Us at : 01-4476225 Follow Us On :
E-mail : omhrc@omhospitalnepal.com

भइसकेको थियो । उहाँको मुटुमा पनि पहिले देखिकै जटिलताहरु थिए । मुटुको रोगि भएका कारणले पोखरामा उपचार गर्न नसकिने ठहर भएपछि उहाँलाई हाम्रो ॐ अस्पतालमा रिफर गरिएको हो । उहाँ मेरो आउट डोर क्लिनिक - ओपिडीमा आउनुभएको थियो । मसँग परामर्श गरेपछि ॐ अस्पतालका फिजिसियन, कार्डियोलोजिष्ट, एनेस्थेसिया लगायतका अन्य बिभागका डाक्टरसाबहरुसँग

सल्लाह गर्दा सबैले मेरि हाइ रिस्क पेसेन्ट हो भन्ने सल्लाह भएको थियो ।
उहाँको मृगौलामा ३ सेन्टिमिटरको ट्युमर "एसआरएम" स्मल रेनल मास भएको निष्कर्षमा पुगेपछि हामीले उसकालागि संसारका पछिल्ला उपचार बिधिहरुबारे छलफल गर्यौं ।

दशरथ बराल जीकालागि एनेस्थेसिया (बेहोस पार्ने उपचार बिधि) दिन नसक्ने अवस्थामा अर्थात मेडिकली मोर्बिड कन्डिसनमा "रेडियो फ्रिक्वेन्सी एबलेशन" माइक्रोवेभ थेरापी उपचारको तयारी गर्यौं । यसमा सिटिस्क्यान अल्ट्रासाउण्ड लगायतका मेसिनहरु संगसँगै प्रयोग गरेर समस्याग्रस्त तन्तुलाई लोकलाइज गरी बिशेष किसिमको प्रोबको सहायताले ट्युमरलाई एबलेशन गरीन्छ । यसको सबैभन्दा ठूलो समस्या भनेको उपचारमा प्रयोग हुने प्रोब महंगो छ । एउटा प्रोबको ४० देखी ५० हजार सम्म पर्छ । जाँच पछि दशरथ जीको ट्युमरको साइज थोरै बढेको पाएपछि हामीले तत्काल उपचार गर्न सल्लाह दिएका हौं । किड्नीको मार्जिनमा रहेको ट्युमर भएकाले उहाँको सिटि गाइडेड एबलेशन गरिएको हो । एबलेशन अत्यन्त दक्ष तथा अनुभवि इन्टरभेन्सनल रेडियोलोजिष्ट डा. अजित थापाले गर्नुभएको छ । यो न्यूजलेटरको प्रकाशनको समयमा हामीले उहाँलाई दोश्रो पटक फलोअपमा बोलाएका थियौं । उहाँको ट्यूमर अब पूर्णरुपमा नियन्त्रणमा छ ।

यसका लागि हामी उपचारमा संलग्न चिकित्सकहरु र सम्पूर्ण ॐ अस्पताल परिवारको तर्फबाट दशरथ बराल जीलाई धेरै धेरै बधाई र सुस्वास्थ्यको शुभकामना दिन चाहन्छौ ।

ॐ अस्पतालमा क्यान्सर र नन क्यान्सर दुबै किसिका साना साना ट्युमरहरुको उपचार यस बिधिबाट सफल रुपमा हामिले गरिरहेका छौं ।

कलेजोमा फोक्सोमा एब्लेशन अन्य अस्पतालमा एब्लेशन गरिएको भएपनि मिर्गौलामा भने नेपालमा नै पहिलो पटक ॐ अस्पतालमा हामीले माइक्रोवेभ एब्लेशन गरी सफल उपचार गरेको कुरा यहाँहरु समक्ष राख्न पाँउदा हामिलाई खुशी लागेको छ ।



## डा. अजित थापा

(ॐ अस्पतालमा कार्यरत डा. थापाले भारको नयाँ दिल्लीस्थित मेदान्त अस्पतलबाट इन्टरभेन्सनल रेडियोलोजिमा फेलोसिप गर्न भएको छ । )

बुबा दशरथ बरालको उपचार माइक्रो वेभ एब्लेशन गरिएको हो । उहाँको मिर्गौलामा देखिएको क्यान्सर ट्युमरको उपचारका लागि दोश्रो बिकल्पको रुपमा हामीले यो बिश्वमा नौलो रुपमा रहेको उपचार बिधि सिटि गाइडेड माइक्रो वेभ एब्लेशन गरेका हौं । यसमा ट्यमरको तन्तुलाई पोलेर वा चिस्याएर नष्ट गर्ने र नियन्त्रण गर्ने काम गरिन्छ । दशरथ ज्यूको दाहिने मिर्गौलाको तलतिर लगभग ३ सेन्टिमिटर लामो रेनल सेल कार्सिनोमा ट्युमर रहेको थियो । जसको पहिलो रोजाईको उपचार सर्जरी भएपनि उहाँको उमेर र स्वास्थ्यका कारणले यो असहज र जटिल भएका कारण हामीले माइक्रोवेभ एब्लेशन प्रोसिड्युअर बाट उपचार गर्ने निर्णय गर्यौं ।

यस किसिमको प्रोसिडियोर स्लो ग्रोइङ ट्युमर हरुकालागि र निकै साना साइजका ट्युमरहरुको उपचारकालागि अत्यन्त प्रभावकारी रहेको बताउनु हुँदै यस किसिमका समस्याको निदान र उपचारका लागि ॐ अस्पतालमा आउन आग्रह गर्नुभयो ।

एब्लेशन भनेको शरिरको भित्रि अङ्गहरुको ट्युमरका तन्तुहरुलाई तातोले डामेर बा चिस्याएर मार्ने प्रोसिडियोर हो । यो प्रोसिडियोर उमेरका कारणले, मुटुको समस्याका कारणले लगायतका बिबिध कारणले अप्रेशन गर्न नमिल्ने अबस्थाका बिरामीहरुको उपचारको बिकल्पको रुपमा गर्ने गरिन्छ ।

एब्लेशन ट्युमरको साइज निश्चित सीमाभित्र रहेको अवस्थामा मात्र गर्न सकिने डा. थापाको भनाई छ । बिभिन्न कारणले सर्जरी गर्न नमिल्ने अबस्थाका बिरामीहरुको उपचारकालागि बिकल्पका रुपमा प्रयोग गरिने यस प्रोसिडियोरमा अल्ट्रासाउण्ड र सिटि स्क्यानका लाईभ तस्वीरहरु हेर्दै, प्रोब (बिशेष किसिमको सुई) को माध्यमबाट एब्लेशन मेसिनको बिशेष यन्त्रलाई ट्युमरसम्म पुर्याएर ट्युमरका तन्तु हरुलाई डामेर वा चिस्याएर मार्ने गरिन्छ ।

एब्लेशन बिशेष गरी कलेजो तथा फोक्सोको उपचारमा प्रयोग गरिने गरिएदै आएकोमा पछिल्लो समयमा मृगौला, फोक्सो, स्तन, पाठेघरका ट्य'मरको उपचारकालागि समेत प्रयोग गरिन थालिएको छ । यो नयाँ अध्ययनहरुपछि आएको सफल बिषय हो ।

कलेजो तथा फोक्सोको ट्युमरको उपचारकालागि यस किसिमका एब्लेशन पहिले गरिसकिएको भएपनि मृगौलामा रहेको ट्युमरको उपचारकालागि भने नेपालमा पहिलोपटक ॐ अस्पतालमा यो प्रोसिडियोर गरिएको डा. अजित थापाको दाबी छ ।


# निःशुल्क ओ.पि.डि.

CSR अन्तर्गत हरेक हप्ता कुनै एक विषयको निःशुल्क ओ.पि.डि. सेवा

नाम दर्ताको लागि
९८०२-०७६२२५
९८०२-०७६२४७

Om Hospital & Research Centre (P.) Ltd.
ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर ( प्रा.) लि.
An ISO 9001:2015 Certified Hospital
We Care For You

# ॐ हस्पिटल Infographics


## News and Events



## सर्जरी

आ.व. २०५२/०५३ देखि २०७५/०७६ सम्म

**२,०६,४१६** जना भन्दा बढिको सफल उपचार




बेड संख्या - १७५

५०० भन्दा बढि कर्मचारी

३०० भन्दा बढि मेडिकल स्टाफ

१०० भन्दा बढि विशेषज्ञ चिकित्सक

### ओ.पि.डि. र आई.पि.डि. सेवा

**३४,१०,४००** जना भन्दा बढिलाई — ओ.पि.डि.

**२,७१,६८३** जना भन्दा बढिलाई — आई.पि.डि.

### आई.भि.एफ. सेवा

**२,६७२** जनालाई आई.भि.एफ. सेवा प्रदान गरिसकेको

**आई.भि.एफ.**

### संस्थागत सामाजिक उत्तरदायित्व गतिविधि

देशका विभिन्न भागमा स्वास्थ्य सेवाको पहुँच बाहिर रहेका स्थानहरुमा

संचालित **२५० भन्दा** बढि सि.एस.आर हेल्थ स्क्रिनिङ्ग क्याम्प अन्तर्गत

**२,००,००० जना भन्दा बढी लाभान्वित**

भएको कुरा यहाँहरु समक्ष अवगत गराउन चाहन्छौं ।

## ॐ अस्पतालको आई.सि.यू नै किन ?




१.) क्रिटिकल केयर मेडिसिनमा डिएम गर्नुभएका डाक्टरसाहबहरुको नेतृत्व रहेकाले ।

२.) दक्ष तथा अनुभवि एमडी डाक्टरसाहबहरुको तथा मेडिकल अफिसरहरु २४ सै घण्टा उपलब्धता रहेकाले ।

३.) हेमोडायलाइसिस, सस्टेन्ड लो इफिसियन्सि डायलाइसिस तथा ब्रोङ्कोस्कोपिको सुबिधा भएकाले ।

४.) अल्ट्रा सोनोग्राफिक गाइडेन्समा प्रोसिजरहरु गर्न सकिने व्यवस्था भएकाले ।

५.) प्रोन भेन्टिलेशनको सुबिधा उपलब्ध रहेकाले ।

६.) एन्ड-अफ-लाईफ केयर तथा पेन म्यानेजमेन्टको उपलब्धता रहेकाले ।

७.) बिश्वस्तरिय सघन उपचार मापदण्ड अनुसार उपचार गरिने भएकाले ।

८.) अत्याधुनिक तथा बिश्वस्तरिय मोनिटर, पम्पहरु, आर्टेरियल ब्लड ग्यास, पोर्टेबल एक्सरे, भेन्टिलेटरहरु, बाइप्याप मेसिन तथा इलेक्ट्रोनिक बेडहरु रहेकाले ।

९.) आइसियूमा काम गर्न बिशेष तालिम हाँसिल गरेका एकजना नर्स एकजना बिरामीका लागि उपलब्ध गराइने भएकाले ।

१०.) १७ शैय्याको सघन उपचार कक्ष तथा अलग्गै आइसोलेसन कक्षको ब्यबस्था भएकाले ।

### Workshop on "Emergency Psychiatry Conditions for General Practitioner"




### CME on "COPD in relation with Smoking, Air Pollution and Cold Exposure" at Janakpur



### Medical Support Team at Nepal Medical show - 2019




### Health Desk at UNI Global - 5th Regional Conference







Call Us at : **01-4476225**
Follow Us On :
**E-mail** : omhrc@omhospitalnepal.com



सम्पादन समूह: **डा. के. पि. देवकोटा**, मेडिकल इडिटर **दिपेन्द्र पोखरेल**, प्रशासन तथा वित निर्देशक **विनोद अधिकारी**, मिडिया एण्ड बिजनेस डेभलप्मेन्ट म्यानेजर **इरु पौडेल**, क्वालिटि एस्योरेन्स् एण्ड कर्पोरेट सर्भिस म्यानेजर